आज मिति २०८० साल फाल्गुण ११ गते शुक्रबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | मान बहादुर खड्का | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योज़ना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |
| २६ | उपसचिव | " | टिक बहादुर राई | | |

## २०८०।११।११ गतेको ३५ औं नगर कार्यपालिका बैठकका निर्णयहरु

### एजेण्डाहरु

१. अघिल्लो बैठकका निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा।
२. आठौं नगरपालिका स्थापना खिवस तथा मुख्य प्रशासनिक भवन उद्घाटन समारोह तयारी, कार्यविभाजन र बजेट तथा क्रियाकलाप सम्बन्धमा।
३. डाँडागाँउ बालविकास केन्द्र र झल्केनिदेवी बालविकास केन्द्रमा २ वठा कार्यालय सहयोगी दरवन्दि कायम गर्ने सम्बन्धमा।
४. मेयर कप भलिबल प्रतियोगिता सञ्चालन तथा नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्दा नपुग रकम व्यवस्थापन सम्बन्धमा।
५. ICT/लाइब्रेरी तथा विज्ञान प्रयोगशालाका लागि विद्यालय छनौट सम्वन्धमा।
६. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि विद्यालय सिफारिस सम्वन्धमा।
७. दुवागाँउ खानेपानी योजनाको लागि बजेट व्यवस्थापन सम्बन्धमा।
८. प्रदेशस्तरीय खेलकुद सम्बन्धमा।
९. विविधः

### निर्णयहरु

**निर्णय नं.१**

नगर कार्यपालिकाको मिति २०८०/१०/२६ गतेको ३४ औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्य प्रगतीको प्रस्तुती तथा छलफल गरी निर्णय कार्यान्वयनको समिक्षा गरियो।

**निर्णय नं.२**

मण्डनदेउपुर नगरपालिकाको आठौं स्थापना दिवसको अवसरमा मिति २०८० फाल्गुण २७ गते आइतबारका दिन मण्डनदेउपुर नगरपालिकाको नवनिर्मित प्रशासनिक भवनको सम्माननीय राष्ट्रपतिज्यूबाट समुद्घाटन गर्ने निर्णय गरियो। साथै, सम्माननीय राष्ट्रपतिज्यूबाट हुने नवनिर्मित प्रशासनिक भवनको समुद्घाटन कार्यक्रमलाई भव्य र व्यवस्थित बनाउन विविध कार्यहरु सञ्चालन गर्नुपर्ने देखिएकोले उक्त कार्यहरु सम्पन्न गर्न नगर प्रमुखको संयोजकत्वमा नगरकार्यपालिका सदस्यहरु रहने एक मूल व्यवस्थापन समिति रहने तथा तपसिल बमोजिमको उप समिति गठन गरी तोकिए बमोजिमका जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

| उपसमिति | जिम्मेवारी तोकिएको कार्यपालिका सदस्यको नामथर |
|---|---|
| क. सम्मान कार्यक्रम | नगर प्रवक्ता श्री पुरुषोत्तम बजगाई |
| ख. पुर्वाधार विकास | पुर्वाधार विकास समिति संयोजक श्री सोम प्र. ढकाल |
| ग. प्रचार प्रसार तथा निमन्त्रणा | नगर प्रवक्ता श्री पुरुषोत्तम बजगाई |
| घ. सवारी साधन व्यवस्थापन | सम्बन्धित वडाका वडा अध्यक्ष |
| ङ. शैक्षिक संस्था तथा स्वास्थ्य व्यवस्थापन | सामाजिक विकास समितिका संयोजक श्री निरञ्जन बिष्ट |
| च. खानेपानी व्यवस्थापन तथा भवन सरसफाई | वडा नं. ७ का वडा अध्यक्ष श्री विष्णु प्रसाद पौडेल |
| छ. फोहोरमैला व्यवस्थापन | वातावरण समितिका संयोजक श्री विकास राई |
| ज. मञ्च निर्माण तथा साजसज्जा | वडा अध्यक्षहरु श्री निर्मान बिष्ट, हर्क ब. घिसिङ र राजकुमार पराजुली |

CS CamScanner

झ. प्रचार प्रसार तर्फ माइकिङ गर्ने कार्य — १-६ नं. वडाका लागि वडा नं. ४ का वडा अध्यक्ष श्री मैते सिंह तामाङ र ७-१२ नं. वडाका लागि वडा नं. १० का वडा अध्यक्ष श्री कुमार तामाङ

ञ. गेट व्यवस्थापन तथा सडक सरसफाई — कार्यपालिका सदस्यहरु श्री सुर्य राई र भेष ब. वि.क.

ट. सांस्कृतिक कार्यक्रम तथा झाँकी व्यवस्थापन — १० नं. वडाका वडा अध्यक्ष श्री कुमार तामाङ

उपरोक्त अनुसारका उपसमितिहरुमा आवश्यक कर्मचारी जनशक्तिको जिम्मेवारी तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं.३

यस नगरपालिका अन्तर्गतका वडा नं. ८ मा रहेको श्री डाँडागाँउ बालविकास केन्द्र र वडा नं. ५ मा रहेको झल्कनेदेवी बालविकास केन्द्रमा कार्यालय सहयोगी जनशक्तिको आवश्यकता परेकोले उक्त दुई बालविकास केन्द्रहरुमा कार्यालय सहयोगी दरबन्द्री सिर्जना गर्ने निर्णय गरियो। साथै, दरबन्दी कायम भएका पदहरुको पदपुर्ति प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत शिक्षा शाखालाइ जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४

नगरकार्यपालिका अन्तर्गतको सामाजिक विकास समितिको निर्णय सिफारिस बमोजिम मिति २०८० फाल्गुण १८ र १९ गते नगरस्तरीय मेयरकप खुला भलिबल प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो। नगरस्तरीय मेयरकप खुला भलिबल प्रतियोगिता सञ्चालन गर्न आ.व. २०८०/०८१ को वार्षिक स्विकृत नीति तथा कार्यक्रम र योजनाको योजना क्रम संख्या ९८ विद्यार्थी सिकाई उपलब्धि सुधारबाट रु. ३०००००/- (अक्षरुपी तिन लाख रुपैंया मात्र) वजेट व्यवस्थापन गर्ने, नगरस्तरीय मेयरकप खुला भलिबल प्रतियोगिता सञ्चालनको जिम्मेवारी सामाजिक विकास समितिलाई तोक्ने निर्णय गरियो। साथै, मिति २०८० साल पौष ६-८ मा सञ्चालन भएको नगरस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन गर्दा विनियोजित रकम अपुग भएकोले ऐ. योजनाबाट अपुग रकम रु.८००००/- (अक्षरुपी असी हजार रुपैंया मात्र) खर्च अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.५

चालु आ.व. २०८०/०८१ को लागि संघीय सशर्त कार्यक्रम अन्तर्गत प्राप्त विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम बमोजिम ICT/लाइब्ररी तथा विज्ञान प्रयोगशाला निर्माण/व्यवस्थापनका लागि प्रस्ताव माग गरिएकोमा सम्बन्धित कार्यक्रममा प्रस्ताव पेश गर्ने तपसिलका विद्यालयहरु छनौट गर्ने निर्णय गरियो।

क. ICT/लाइब्ररी निर्माण/व्यवस्थापन कार्यक्रम
- वाग्देवी मा.वि. वडा नं. १२
- द्वारपालेश्वर मा.वि. वडा नं. ३
- डेडिथुम्का मा.वि. वडा नं. ८

ख. विज्ञान प्रयोगशाला निर्माण/व्यवस्थापन
- ईन्द्रावती मा.वि. वडा नं. १२
- डेडिथुम्का मा.वि. वडा नं. ९

**निर्णय नं.६**

चालु आ.व. २०८०/०८१ को लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि प्रस्ताव पेश गरेका देहायका विद्यालयहरुलाई तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर समक्ष सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | विद्यालयको नाम | कार्यक्रम |
|---|---|---|
| १ | महाकली मा.वि. चैनपुर | पशु विज्ञान कार्यक्रम |
| २ | महाकाली मा.वि. नगरकोट | ४ कोठे विद्यालय भवन |
| ३ | जय सरस्वती आ.वि. रामपुर | सूचना प्रविधि प्रयोगशाला |

**निर्णय नं.७**

मण्डनदेउपुर नगरपालिका वडा नं. २ मा रहेको दुवागाँउ खानेपानी योजनाको निर्माणका क्रममा शुरु इस्टिमेट र डिजाइनमा उल्लेख भएका घरधुरीहरुको संख्या बढ्न गई केही घरधुरीका लागि ट्याङ्कि, धारा, पाइप, मिटर तथा महशुल लगायतका सामग्री व्यवस्थापन गर्नुपर्ने भएकोले उक्त योजनाको लागि अपुग ट्याङ्कि, धारा र पाइपको लागि प्राविधिक लागत अनुमान आवश्यक बजेट नगरपालिकाले व्यवस्थापन गर्ने तथा मिटर जडान तथा महशुल व्यवस्थापन लगायत निर्माण खर्च सम्बन्धित उपभोक्ता वा संस्थाले व्यहोर्ने गरी योजना सम्पन्न गर्ने/गराउने निर्णय गरियो।

**निर्णय नं. ८**

बागमती प्रदेश स्तरीय खेलकुद कार्यक्रम सञ्चालनका लागि बजेट माग भएको सम्बन्धमा मण्डनदेउपुर नगरपालिकाले रु.५००००/- (अक्षरुपी पचास हजार रुपैंया मात्र) रकम आयोजक समितिलाई बिल भर्पाइ पेश गर्ने गरी भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.९ विविध**

क. मण्डनदेउपुर नगरपालिका वडा नं. ९ निवासी श्री रुपा तिवारी क्यान्सर रोगबाट पिडित भई उपचाररत रहेकोले यस नगरपालिकाको तर्फबाट सिघ्र स्वास्थ्य लाभको कामना सहित रु.१,५०,०००/- (अक्षरुपी एक लाख पचास हजार रुपैंया मात्र) उपचार सहयोग प्रदान गर्ने निर्णय गरियो।

ख. भुमिहीन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ ले व्यवस्था गरे बमोजिम मण्डनदेउपुर नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न देहायबमोजिमको स्थानीय तह स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

- नगर प्रमुख- संयोजक
- नगर उपप्रमुख- उपसंयोजक
- नगरपालिकामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि- सदस्य
- कार्यपालिकाका सदस्यहरूमध्येबाट एक दलित/अल्पसंख्यक र एक महिला गरी दुई जना- सदस्य (यस अन्तर्गत दलित/अल्पसंख्यक तर्फबाट कार्यपालिका सदस्य श्री भेष बहादुर वि.क. र महिला तर्फबाट कार्यपालिका सदस्य श्री रिता रोका)

CamScanner

- नगरपालिकामा क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित सहित ३ जना)- सदस्य
  (यस अन्तर्गत महिला तर्फबाट वडा नं. ९ निवासी श्री अम्बिका हमाल, दलित तर्फबाट वडा नं. ७ निवासी श्री प्रकाश परियार र अन्य तर्फबाट वडा नं. ११ निवासी श्री माधव न्यौपाने)
- प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

ग. मण्डनदेउपुर नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्विकृत नीति तथा कार्यक्रम र योजनामा नगरपालिकाको वडा नं. १० मा सञ्चालन हुने गरी विनियोजन भएको उमादेवी जाने बाटो निर्माण तथा सुलिकोट सामुदायिक भवन योजनाबाट सम्बन्धित वडा समितिको निर्णय सिफारिस बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सहकार्य/साझेदारीमा उमादेवी जाने बाटो सोलिङ गर्ने निर्णय गरियो ।